# Cologuard® परीक्षणका साथमा कोलोन क्यान्सरका लागि जाँचबुझ

## Cologuard परीक्षण Medicare र धेरै प्रमुख बीमाकर्ताहरूद्वारा कभर गरिएको छ।

**$0** धेरैजसो बीमा गरिएका बिरामीहरूले Cologuard परीक्षणका लागि **$0** तिर्छन्।[1]*

**96%** राष्ट्रव्यापी, Cologuard भएका बिरामीहरू मध्ये **96%** भन्दा बढी बिरामीहरूमा जाँचबुझका लागि कुनै व्यक्तिगत खर्च लाग्दैन[1]*

**थप जान्न Cologuard.com/insurance** हेर्नुहोस् वा **1-844-870-8870** मा फोन गर्नुहोस्। हामी तपाईंलाई सही प्रश्नहरू सोध्न आफ्नो बीमा कम्पनीलाई सम्पर्क गर्न मद्दत गर्न सक्छौँ।

धेरैजसो बीमाकर्ताहरूले सकारात्मक Cologuard स्क्रिनिङ पछिको **फलो-अप कोलोनोस्कोपीलाई कभर** गर्छन्।[2,3†]

## Cologuard परीक्षण घरमा प्रयोग गर्न सजिलो छ।

पूर्ण विस्तृत निर्देशनहरू Cologuard बक्समा छन्।


**भिडियो कसरी प्रयोग गर्ने: Cologuard.com/use**

**1 बस्ने**





- तपाईं तयार भएपछि Cologuard परीक्षण प्रयोग गर्नुहोस्।
- तपाईंको सेतो नमुना कन्टेनर शौचालयमा राख्नुहोस्।
- शौचालयमा बस्नुहोस्।

**2 स्क्र्याप गर्ने**





- सेतो नमुना कन्टेनरमा दिसा गर्नुहोस्।
- आफ्नो दिसा (विष्ठा) लाई सिन्काले निकालेर किटबाट निकालिएको ट्युबमा फिर्ता राख्नुहोस्।

**3 भिजाउने र सिल गर्ने**



- नमुना कन्टेनरमा संरक्षण गर्ने तरल बस्तुले भर्नुहोस्।
- तपाईंको नमुना ठुलो कन्टेनरभित्र राखेर बन्द गर्नुहोस्।

**4 लेबल गर्ने र ढुवानी गर्ने**

- दुवै लेबलहरू भर्नुहोस्।
- यो किट UPS® मार्फत Exact Sciences मा फिर्ता गर्नुहोस्।


### आफ्नो नमुना नि:शुल्क फिर्ता गर्नुहोस्

1. **Cologuard.com/UPS** मा UPS पिकअप तालिका बनाउनुहोस् वा **1-844-870-8870** मा फोन गर्नुहोस्
2. आफ्नो किट UPS मा लैजानुहोस्। स्थानीय स्टोरहरू र ड्रप-अफ समयहरू **Cologuard.com/UPS** मा फेला पार्नुहोस्

*ऐतिहासिक विरामीका बिलिङमा आधारित Exact Sciences को हालको अनुमान।

†धेरैजसो बिरामीहरूका लागि, यो जनवरी 1, 2023 मा लागू हुनेछ र छुटको स्थिति भएका व्यावसायिक योजनाहरूमा लागू हुँदैन।[2,3]

# तपाईंको Cologuard® परीक्षणको नतिजा



**Exact Sciences ले तपाईंको नमुना प्राप्त गरेको लगभग 8-10 दिन भित्रमा तपाईंको स्वास्थ्य सेवा प्रदायकलाई तपाईंको नतिजा उपलब्ध हुनेछ।**

Cologuard परीक्षणले तपाईंको दिसामा रहेको **परिवर्तित DNA** र **रगत** (क्यान्सरका लक्षणहरू) खोज्छ[4]

– नकारात्मक नतिजाको अर्थ Cologuard परीक्षणले क्यान्सरको सम्भावित लक्षणहरू फेला पारेन। तपाईंलाई सम्भवतः कोलोरेक्टल क्यान्सर भएको छैन।[4]

+ सकारात्मक नतिजाको अर्थ Cologuard परीक्षणले क्यान्सरको सम्भावित लक्षणहरू फेला पारेको छ। सकारात्मक नतिजाको अर्थ तपाईंलाई क्यान्सर भएको **होइन**।[4] आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग फलो-अप अपोइन्टमेन्टको तालिका बनाउनुहोस्।

केही मानिसहरूले बेठिक (गलत) सकारात्मक र नकारात्मक परिणामहरू पाउँछन्।
जाँचबुझका लागि अर्को चरणहरूका बारेमा सधैँ आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सोध्नुहोस्।[4]

थप जानकारी र भिडियोहरू यहाँ फेला पार्नुहोस्:
**Cologuard.com/UnderstandingResults**

## सङ्केत र महत्त्वपूर्ण जोखिमसम्बन्धी जानकारी

Cologuard® र Cologuard Plus® परीक्षणहरू 45 वर्ष वा सोभन्दा माथिका कोलोरेक्टल क्यान्सरको सामान्य जोखिम भएका वयस्कहरूमा स्क्रिनिङ गर्न प्रयोग गरिन्छ जुन दिसामा केही DNA सङ्केतहरू र रगत पत्ता लगाएर गरिन्छ। यदि तपाईंलाई कोलोरेक्टल क्यान्सर वा प्रिक्यान्सरस पोलिप्सको व्यक्तिगत इतिहास छ, सूजनयुक्त आन्द्राको रोग छ, कोलोरेक्टल क्यान्सरको पारिवारिक इतिहास छ, वा केही वंशानुगत सिन्ड्रोमहरू छन् वा त्यो परीक्षणको सिफारिस गरिएको स्क्रिनिङ अन्तरालभित्र अर्को कोलोन क्यान्सर स्क्रिनिङ विधिबाट सकारात्मक नतिजा आएको छ भने Cologuard उत्पादनहरू प्रयोग नगर्नुहोस्। यदि यी मध्ये कुनै पनि परिस्थिति तपाईंलाई लागू हुन्छ भने आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्।

Cologuard को नतिजालाई सावधानीपूर्वक व्याख्या गरिनुपर्छ। कुनै सकारात्मक परीक्षण नतिजाले क्यान्सरको उपस्थिति पुष्टि गर्दैन। एक सकारात्मक परीक्षण नतिजा भएका बिरामीहरूलाई कोलोनोस्कोपीका लागि निर्दिष्ट गर्नुपर्छ। कुनै नकारात्मक परीक्षणको नतिजाले क्यान्सरको अनुपस्थिति पुष्टि गर्दैन। नकारात्मक परीक्षण नतिजा भएका बिरामीहरूले फेरि परीक्षण गर्नुपरेमा आफ्नो डाक्टरसँग छलफल गर्नुपर्छ। गलत सकारात्मक र गलत नकारात्मक परिणामहरू हुन सक्छ। Rx only.

**सन्दर्भहरू:** **1.** Internal Data on File. Exact Sciences. **2.** FAQs about Affordable Care Act Implementation Part 51, Families First Coronavirus Response Act and Coronavirus Aid, Relief, and Economic Security Act Implementation. US Department of Health & Human Services. Published January 10, 2022. Accessed March 30, 2026. https://www.hhs.gov/guidance/document/faqs-about-affordable-care-act-implementation-part-51. **3.** CMS. Calendar year (CY) 2023 Medicare physician fee schedule final rule. Published November 1, 2022. Accessed March 30, 2026. https://www.cms.gov/newsroom/fact-sheets/calendar-year-cy-2023-medicare-physician-fee-schedule-final-rule. **4.** Exact Sciences. 2026. Cologuard Patient Brochure.

EXACT SCIENCES CORPORATION | 5505 Endeavor Lane, Madison, WI 53719
ExactSciences.com | ExactLabs.com | 1-844-870-8870

Cologuard र Exact Sciences Exact Sciences Corporation का दर्ता गरिएका ट्रेडमार्कहरू हुन्।
अन्य सबै ट्रेडमार्क तिनीहरूका सम्बन्धित मालिकहरूका सम्पत्तिहरू हुन्।
© 2026 Exact Sciences Corporation. सर्वाधिकार सुरक्षित। M-US-CG-07084_LL_April 2026

cologuard®
by EXACT SCIENCES